Invitation for Bids

भगवतीमाई गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

पगनाथ, दैलेख

कर्णाली प्रदेश, नेपाल

भवन निर्माण सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशन मिति : (२०७५/०६/१३ गते)

यस गाँउ कार्यपालिकाको कार्यालयको आर्थिक वर्ष २०७५।०७६ को स्वीकृत कार्यक्रमअनुसार देहायमा उल्लेखित निर्माण कार्यहरुको बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत पत्र प्राप्त इच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको सिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

१) यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखि ३० औं दिनसम्म बोलपत्र फाराम यस कार्यालयमा सम्बन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसायदर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनीदर्ताको प्रमाणित प्रमाणपत्र, मूल्यअभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखानम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ. व. २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र, उत्पादकफर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी नियमानुसार को तपसिलमा उल्लेख बोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) निवेदन साथ पेश गरेपछी नियमानुसार बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

२) बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माणस्थल र कामको सम्बन्धमा रास्री बुझि बोलपत्र भरेको मानिनेछ ।

३) खरिद गरिएका बोलपत्रफारमको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्रदर्ता गराउन सकिने छ ।

४) बोलपत्र फारम साथ जमानत वापतको रकम यस गाँउपालिका कार्यालयको नाममा दैलेख स्थित प्रभु बैंक, भगवतीमाई शाखामा रहेको धरौटी खाता हि.नं.१७७००२०१०९३२८८०००००४ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको राजस्व शाखामा दाखिला गरेको नगदी रसिद वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा ९२० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मितिदेखि) नेपाल सरकारको मान्यताप्राप्त बैंकबाट जारी भएको बिडबण्ड संलग्नगर्नु पर्नेछ (यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा बिडबण्ड यो सूचना प्रकाशितभएको मिति पछिकोलाई मान्यता दिइनेछ ।

५)दर्ता हुनआएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहबरमा ३१ औं दिनको २:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६)प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका बोलपत्रउपर कुनै कारवाही गरिने छैन । बोलपत्रमा प्रत्येक आईटम दररेट भ्याटबाहेकको अंक र अक्षरमाबुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७)बोलपत्र सम्बन्धी अन्यशर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८) बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको वेव साइट तथा सूचना पाटीमा टाँस गरिनेछ ।

९)अन्य कार्यविधिहरु स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४, सार्वजनिक खरिद ऐन २०६३ (संशोधित), तथा सार्वजनिक खरिद नियमावली २०६४(संशोधित), अनुसार हुनेछ ।

१०) बोलपत्र सम्बन्धी थप जानकारीका लागी यस गाँउपालिका कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

क.सं.	बोलपत्र/ठेक्का नं.	योजनाको नाम	बोलपत्र फारम खरिद दस्तुर रु.	जमानत रकम
1.	01/BRM/075/076	नेपाल राष्ट्रिय आधारभुत विद्यालय, ३ कोठे भवन निर्माण । भगवतीमाई-७, वडाभैरव, दैलेख ।	३,०००/-	७५,३६४/-
2.	02/BRM/075/076	नेपाल राष्ट्रिय पिपल आधारभुत विद्यालय, ३ कोठे भवन निर्माण । भगवतीमाई-६, चिपिन, कट्टी, दैलेख ।	३,०००/-	७५,३६४/-
3.	03/BRM/075/076	महादेव माध्यामिक विद्यालय, ३ कोठे भवन निर्माण । भगवतीमाई-३, मेहेलतोली, दैलेख ।	३,०००/-	७५,३६४/-
4.	04/BRM/075/076	सरस्वती माध्यामिक विद्यालय, ३ कोठे भवन निर्माण । भगवतीमाई-१, पगनाथ, दैलेख ।	३,०००/-	७५,३६४/-

खरिद ईकाई